# नागरिक समाज कल्याण केन्द्र, धरान, सुनसरी

## पन्ध्रौं साधारण सभा-२०८२

## बार्षिक प्रगति प्रतिवेदन

**पृष्ठभुमीः**

यस गरिमामय १५ औं साधारण सभाका प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यू, अतिथिज्यूहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, आजिवन सदस्यज्यूहरु, सदस्यज्यूहरु साथै उपस्थित सम्पूर्ण महानुभावहरुमा यस नागरिक समाज कल्याण केन्द्रको तर्फबाट साथै मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दै यो प्रतिवेदन वाचन गर्ने अनुमति चाहन्छु ।

*सभाअध्यक्ष महोदय,*

बि.सं. २०६६ साल बैशाख १ गतेका दिन धरान उप-महानगरपालिका वडा नं. १५ निवासी केहि जागरुक तथा उत्साहित व्यक्तिहरुको पहलमा पूर्णरुपमा सेवाभावले यो नागरिक समाज कल्याण केन्द्रको स्थापना भएको हो । स्थापनाकालमा सात सदश्यीय तदर्थ समिति गठन गरिएको थियो । त्यसैगरि वि.सं. २०६७ साल माघ २९ गते उक्त तदर्थ समितिलाई विस्तार गरी ११ सदश्यीय बनाईयो ।

यसरी विभिन्न चरणहरु पार गर्दै १५ औं साधारण सभासम्म आइपुग्दा संस्थाले निकै ठूलो फड्को मारेको प्रष्ट हुन्छ । समाज कल्याण परिषद र जिल्ला प्रशासन कार्यलयमा दर्ता भएपछि यस संस्थाले आफ्नो उदेश्य बमोजिम शैक्षिक तथा सामाजिक क्षेत्रमा निरन्तर सक्रियता देखाउदै आएको छ । साथै बिगतको बर्षमा न्यानो कपडाहरु, शैक्षिक सामग्रीहरु बितरण साथै आपसी सत्भाब कायम गर्न बनभोज, हाईकिङ जस्ता कार्यहरु पनि गर्दै आईरहेको कुरा आजको यस सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

*सभाअध्यक्ष महोदय,*

**आ.व. २०८१/०८२ को समिक्षा**

- आर्थिक बर्ष **२०८१/०८२** मा बिगतमा गर्दै आईरहेको कार्यक्रमहरुलाई संस्थाले निरन्तरता दिने काम गर्‍यो ।

- यस बर्ष सम्ममा आजिवन र साधारण सदस्यता गरि जम्मा १४४ जना यस संस्था सँग आबद्ध रहेको आजको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । जसमा जम्मा २८ जना सदस्यज्यूहरुले यस नागरिक समाज कल्याण केन्द्रको आजिवन सदस्यता ग्रहण गरिसक्नु भएको छ ।

जसमा आजिवन सदस्यता ग्रहण गर्नुहुने महानुभावहरुको नामावली यस प्रकार रहेको छ ।

**नामावलीहरुः**

| | |
|---|---|
| स्व. श्री ध्यान बहादुर राई | श्री बद्रि तामाङ |
| श्री गोपाल प्रसाद गुरागाँई | श्री श्रीकुमार राई |
| श्री बिष्णु कुमारी राई | श्री हस्त कुमार राई |
| श्री जागे बहादुर लिम्बु | श्री थान कुमार श्रेष्ठ |
| श्री तिलक बहादुर कार्की | श्री श्याम कुमार राई |
| श्री राजेन्द्र खड्का | श्री निलम कुमार राई |
| श्री प्रेम कुमार राई | श्री पदममणी पौड्याल |
| श्री कमल बहादुर राई | श्री सुनिता राई |
| श्री सकुन राई | श्री हेम प्रसाद ढकाल |
| श्री हिरा देबी गुरुङ | श्री लोक बहादुर टिङ |
| श्री दिनश राना मगर | श्री राधा बराल |
| श्री टुल्का गिरी | श्री काजि बहादुर लामा |
| श्री राजन राई | श्री गंगा तामाङ |
| श्री नरेश कुमार ईवारम | र संस्थापक अध्यक्ष श्री भोजराज श्रेष्ठ |

- आजको बढ्दो डिजिटल प्रविधिको युगमा कार्यक्रमहरुलाई सबैसामु छिटो पुऱ्याउने, राय सल्लाह र गुनासाहरु सहजरुपले प्रदान र प्राप्त गर्ने, उद्देश्यको साथ साथै सबै सदस्यहरुको सदस्यता ग्रहण, नविकरण डिटेल र यस संस्थामा आवद्ध सदस्यहरुको नामावलि प्रकासन, बैठकका निर्णयहरु सबै सदस्यहरुले सहज तरिकाले हेर्न सकुन र संस्थाले गरिरहेको क्रियाकलापको जानकारीहरु प्राप्त गर्न सहज रहोस् भनि यस बर्ष कार्यसमितीको निर्णय बमोजिम संस्थाको अध्यक्ष श्री अमर राईज्यूको नेतृत्वमा वेबसाईट **www.cswc.org.np** बनाई सबैको डिजिटल डेटा रेकर्ड साथै डिजिटल आफ्नो सदस्यता कार्ड पनि आफैले हेर्न, डाउनलोड गर्न र प्रिन्ट गर्न सकिने गरि वेबसाईट डेभ्लभ गरेको कुरा पनि आजको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

नागरिक समाज कल्याण केन्द्र (ना.स.क.के.) CSWC CIVIL SOCIETY WELFARE CENTRE स्था: २०६७ धरान, सुनसरी, नेपाल

- यस आर्थिक बर्षमा बिभिन्न प्रस्तावहरुउपर छलफल गरि निर्णय गर्न जम्मा ७ वटा बैठक बसि निर्णय गरि कार्यक्रमहरु गरियो । जसमा आय व्याय, नयाँ सदस्यता र आजिवन सदस्यता बृद्धि, जिम्मेवारी बाँडफाँड, वेबसाईट डेभ्लभ साथै शुभकामना आदान प्रदान कार्यक्रम जस्ता प्रस्ताव उपर छलफल गरि निर्णय गरिएको थियो ।

- २०८२ साल बैशाख ६ गतेका दिन सुसनरोड सेवा समाज र नागरिक समाज कल्याण केन्द्रको संयुक्त आयोजनामा धरान-१५, स्थित महादेव चौकमा रक्तदान कार्यक्रमको आयोजना गरियो । स्थानिय साथै दुवै संस्थाको पदाधिकारीहरुको सक्रिय सहभागिता र सहयोगले गर्दा यस कार्यक्रममा जम्मा ५३ पिन्ट रगत संकलन गर्न सफल भएको थियो भने यस कार्यक्रमको प्रमुख अतिथिमा धरान उप-महानगरपालीकाका उपमेयर श्री अईन्द्र बिक्रम बेघाज्यूको प्रमुख आतिथ्यतामा यो कार्यक्रम सम्पन्न भएको थियो ।

**संस्थाका चुनौतीहरुः**

यस संस्थाले आफ्नो कार्यलाई व्यापक र व्यवस्थित वनाउँदै लगे पनि केहि चुनौतीहरु अवश्यै छन् । उक्त चुनौतीहरुलाई बुंदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

१. संस्थाको आफ्नै कार्यालय स्थापना गर्न नसकिएको ।
२. आजिवन सदस्यता विस्तार गर्न नसकिएको ।
३. संस्थाको क्षेत्र धरान-१५, महादेव चौक आसपासमात्र केन्द्रित भई व्यापकता ल्याउन नसकिएको ।
४. संस्था र यसका कार्यक्रमहरुबारे उचित प्रचार प्रसार गर्न नसकिएको ।
५. संस्थाले संचालन गर्ने विभिन्न कार्यक्रमहरुमा सदश्यहरुको व्यापक सहभागिता गराउन नसकिएका

**संस्थाका भावी कार्ययोजनाः**

आर्थिक बर्ष २०८२/०८३ मा यस संस्थाका कार्यहरुलाई अझ व्यापक, प्रभावकारी र उपलब्धिमूलक बनाउन निम्न कार्ययोजनाहरु अगाडि सारिएकोछ ।

१. आ.व. २०८१/०८२ मा पुरा गर्न बाँकी कार्यहरुलाई निरन्तरता दिईनेछ ।

नागरिक समाज कल्याण केन्द्र (ना.स.क.के.) CSWC CIVIL SOCIETY WELFARE CENTRE स्था: २०६७ धरान, सुनसरी, नेपाल

२. **घरदेखि स्कूलसम्म** कार्यक्रमलाई बिस्तार गरी त्यसबाट लाभान्वित बिद्यार्थी संख्यामा बृद्धि गरिनेछ ।

३. सामाजिक सेवाका नयाँ क्षेत्रहरु पहिचान गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

४. साधारण सदस्यता बिस्तारलाई निरन्तरता दिईनेछ साथै आजिवन सदस्यता पनि बिस्तार गरिनेछ ।

५. संस्थाको आफ्नै कार्यलय स्थापना गर्न पहल गरिनेछ ।

६. आम्दानीका नयाँ स्रोतहरु खोजि गरिनेछ साथै बैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट सहयोग संकलनलाई व्यवस्थित बनाईनेछ ।

७. सदस्यहरु बिच अन्तरक्रिया र सदस्यहरुको क्षमता बिकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

८. संस्थाका सदस्य तथा अन्य ईच्छुक व्यक्तिहरुलाई प्राविधिक तथा शिपमूलक तालिम दिलाउन पहल गरिनेछ ।

९. जनचेतनामूलक कार्यक्रमहरु तथा संस्थागत रुपमा आवश्यक तालिमहरु संचालन गरिनेछ ।

१०. संस्थाको कार्यक्षेत्रलाई व्यापक वनाउदै जनसहभागितामा वृद्धि गरिने छ ।

अन्त्यमाः यस संस्थाको यस आर्थिक बर्षमा भए गरेका क्रियाकलापहरुको जानकारी गराउदै संस्थाको यस आ.ब. को प्रगति प्रतिवेदन लाई अन्त्य गर्दछु ।

*धन्यवाद,*

**मितिः** २०८२ कार्तिक २२ गते, शनिवार

नागरिक समाज कल्याण केन्द्र (ना.स.क.के.) CSWC CIVIL SOCIETY WELFARE CENTRE स्था: २०६७ धरान, सुनसरी, नेपाल

पदममणी पौड्याल
(सचिव)
नागरिक समाज कल्याण केन्द्र
धरान, सुनसरी